**प्रश्न नं. ६६**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्बितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत**

**फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ७९३० देखि ८०५१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

आइतसिंह विश्वकर्माको जाहेरीले नेपाल सरकार

बिरुद्ध

जिल्ला झापा, दमक नगरपालिका वडा नं ७ बस्ने कारागार शाखा, झापामा थुनामा रहेको ज्ञानबहादुर भट्टराई

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१) मिति २०७५।०८।०६ गते बेलुका देउसी खेल्न गएकी मेरी छोरी वर्ष १० की अनिता विश्वालाई बलराम उप्रतीको घरमा देउसी खेल्दै गर्दा ज्ञानबहादुर भट्टराई र भीमबहादुर विष्ट बीच झगडा हुँदा सोही स्थानमा उभिई रहेका बखत बिना कारण फलामको पाईपले ज्ञानबहादुर भट्टराईले हिर्काई सख्त घाइते बनाएकोलेै भारतको सिलगुढी न्यूरो अस्पतालमा उपचार गराउने क्रममा मिति २०७५।८।२४ गते बिहान सोही कुटाईको चोटका कारणबाट मृत्यु भएकाले निज अभियुक्त ज्ञानबहादुर भट्टराईलाई पक्राउ गरी हदैसम्मको कारवाही गरी सँजाय गरिपाउँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

२) बलराम उप्रेतीको घरमा देउसी खेल्न गएकी सोही ठाउँ बस्ने आइतसिंह विश्वाको छोरी वर्ष १० की अनिता विश्वालाई अभियुक्त ज्ञानबहादुर भट्टराईले अन्दाजी १ मिटर लम्बाई ७ इन्च गोलाईको फलामे पाईपले निधारदेखि केही माथि दाहिने साइड टाउकोमा प्रहार गरी सख्त घाईते बेहोस बनाएको घटनास्थल र उक्त चोटबाट खसेको रगतका दागहरू भूईंमा देखिएको एवं घटनामा प्रयोग गरेको फलामे पाईपलगायतका अन्य चीजवस्तु खोजतलास गर्दा फेला नपरेको भन्ने घटनास्थल मुचुल्का ।

३) टाउकाको हड्डी फुटेर भित्र दबेको कारण अप्रेशन टाउकोको अप्रेसन गर्ने क्रममा मृत्यु भएको भन्ने अस्पतालको प्रतिवेदन

४) मिति २०७५।८।६ गते बेलडाँगी-२ बस्ने भीमबहादुर विष्ट र मेरो झगडा हुँदा निजलाई हिर्काउन प्रहार गरेको फलामे पाईपले निज तत्काल छलिएका कारणले निज पछाडि रहेकी अनिता विश्वालाई लाग्न गई निज घाइते भई विभिन्न अस्पतालमा उपचार गराउँदागराउँदै मिति २०७५।८।२४ गते भारतको सिलगुढी स्थित न्यूरो अस्पतालमा निजको मृत्यु भएको हो । मृतकसँग मेरो चिनजान रिसइबि केही थिएन । उनी के कसरी झगडा परेको स्थानमा आइन् थाहा भएन । भीमबहादुर विष्टले मलाई कुटपीट गरेको हुँदा मैले सहन नसकी फलामको पाईपले निज भीमबहादुरलाई प्रहार गर्दा अनिता विश्वालाई लाग्न गएको हो । अनिता विश्वालाई मैले मार्ने उद्देश्यले हिर्काएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी ज्ञानबहादुर भट्टराईले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

५) मिसिल संलग्न कागजातको आधारमा प्रतिवादी ज्ञानबहादुर भट्टराईले भीमबहादुर विष्टलाई मार्ने उद्देश्यले फलामे पाईपले प्रहार गर्दा अनिता विश्वालाई लाग्न गई उपचारको क्रममा निजको मृत्यु भएको पुष्टि भएकाले प्रतिवादीलाई मुलकी अपराध संहिता २०७४ को ज्यानसम्बन्धी कसुरको दफा १७७ विपरीत

## प्रश्न नं. ६६

अपराध गरेको पुष्टि भएकोले सोही संहिताको दफा १७९(१)(क) बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

६) ज्ञानबहादुर भट्टराईले अदालतमा गरेको इन्कारी बयान

७) झापा जिल्ला अदालतबाट मिति मा भएको फैसला ।

८) प्रतिवादीको तर्फबाट उच्च अदालत, इलाममा परेको पुनरावेदन पत्र